## भाग-१

### १.१ परिचय

प्रदेश सभा, प्रदेश नं.२ को मिति २०७८।०९।१३ गते बसेको प्रदेश सभाको पाँचौं बैठकको प्रस्ताव बमोजिम प्रदेश सभा कार्य सञ्चालन(पहिलो संशोधन) नियमावली, २०७५ को नियम ७३(क) को उपनियम ९ र नियम ७३(ख) को उपनियम ९ बमोजिम प्रदेशको राजधानी र नामकरण सम्बन्धि प्रस्ताव अध्ययन गर्न दलीय सहमतिको आधारमा निम्नानुसारको सदस्य रहने गरी समितिको कार्यक्षेत्र, कार्यविधि र कार्यावधिसहित राजधानी तथा नामकरण सम्बन्धि अध्ययन विशेष समिति, २०७८ गठन भई समितिले प्राप्त कार्य जिम्मेवारीको आधारमा विभिन्न मितिमा बसेको बैठकको छलफल, अन्तरक्रिया एवं निर्णय बमोजिम यो प्रतिवेदन तयारी गरिएको छ ।

**समितिमा कायम रहेका सदस्यहरुको विवरणः**

- माननीय सभामुख श्री सरोज कुमार यादव :- सभापति
- माननीय उपसभामुख श्री उपमा कुमारी देव :- उपसभापति
- माननीय श्री उपेन्द्र प्रसाद कुशवाहा :- सदस्य
- माननीय श्री किशोरी साह कमल :- सदस्य
- माननीय श्री जगत प्रसाद यादव :- सदस्य
- माननीय श्री दिलिप कुमार साह :- सदस्य
- माननीय श्री परमेश्वर साह :- सदस्य
- माननीय श्री विदेश्वर प्रसाद यादव :- सदस्य
- माननीय श्री शत्रुधन महतो :- सदस्य
- माननीय श्री शारदा देवी थापा :- सदस्य
- माननीय श्री शिवचन्द्र चौधरी :- सदस्य
- माननीय श्री शैलेन्द्र कुमार यादव :- सदस्य
- माननीय श्री संजय कुमार यादव :- सदस्य
- माननीय श्री सावित्री देवी साह :- सदस्य
- माननीय श्री सुन्दर बहादुर विश्वकर्मा :- सदस्य
- माननीय श्री सुरिता कुमारी साह :- सदस्य

### १.२ समितिको कार्यक्षेत्रः-

प्रदेश सभामा दर्ता भएको प्रदेशको राजधानी तोक्ने तथा नामकरण सम्बन्धि प्रस्तावहरु अध्ययन गर्न तथा सरोकारवालाहरुसंग छलफल, अन्तरक्रिया गरी प्रदेश सभामा निर्णयार्थ पेश गर्ने विषय एकिन गरी सभामा प्रतिवेदन पेश गर्ने लगायतको कार्य ।

### १.३ समितिको कार्यविधिः-

- समितिले छलफल, अन्तरक्रिया लगायतको कार्यविधि अपनाई बैठक सञ्चालन गरेको ।
- सम्बन्धित विशेषज्ञ लगायतका व्यक्तिहरुको सहयोग लिई छलफल लगायतको कार्य गरेको ।

### १.४ समितिको समय सीमाः-

- समितिले कार्य प्रारम्भ गरेको मितिले १५(पन्ध्र) दिन भित्र विभिन्न बैठकहरु बसि छलफल र अन्तरक्रियाको मार्फत यो प्रतिवेदन तयार गर्ने कार्य गरेको ।

## भाग-२

### २.१ अध्ययन विधि (प्रदेशको राजधानी तोक्ने सम्बन्धि)

समितिको मिति २०७८/९/१६ गतेको निर्णयानुसार प्रदेशको राजधानी र नामकरण सम्बन्धी अध्ययन विशेष समितिको कार्यविधि, २०७८ सर्वसमितिले पास गरि प्रदेशको राजधानी तोक्ने प्रस्तावको प्रस्तावक र समर्थकलाई मिति २०७८/९/१९ गतेको बैठकमा आमन्त्रण गरि निम्न प्रस्तावहरुमाथी छलफल गरियो ।

**प्रदेशको राजधानी तोक्ने सम्बन्धि प्राप्त प्रस्ताव**

| क.सं. | दर्ता नं. | प्रस्ताव | प्रस्तावक | समर्थक |
|---|---|---|---|---|
| १ | १ | जनकपुरधाम (धनुषा जिल्लाको उत्तरमा ढल्केबर पूर्व पश्चिम लोकमार्ग पूर्वमा कमला नदि दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भू-भाग) | मा.परमेश्वर साह | मा.चमेली देवी दास, मा. सन्चमाया मोक्तान, मा. निरा कुमारी साह, मा. सावित्री देवी साह |
| २ | २ | जनकपुरधाम(मिथिला माध्यमिकी परिक्रमा, ढल्केबर पूर्व पश्चिम लोकमार्ग देखी दक्षिण दशगजासम्म) | मा.भरत प्रसाद साह | मा.जगत प्रसाद यादव, मा.दिलिप कुमार साह |
| ३ | ३ | जनकपुरधाम(मिथिला माध्यमिकी परिक्रमा, उत्तर ढल्केबर र पूर्व पश्चिम राजमार्ग पूर्वमा कमला नदी दक्षिणमा नेपालको सिमाना) | मा.रविन्द्र बैठा धोवी | मा.डिल्ली प्रसाद उप्रेती, मा. नागेन्द्र राय यादव, मा. हसिमा खातुन |
| ४ | ४ | बीरगंज(पोखरीया न.पा., सखुआ प्रसौनी गा.पा. पर्सा गढी न.पा., जीतपुर -सिमरा नीजगढ हुँदै सिमरौनगढ सम्म) | मा.सिंगासन सा कलवार | मा.प्रहलाद गिरी गोस्वामी, मा.करिमा वेगम, मा.भिमा यादव |
| ५ | ५ | उप महानगरपालिका जनकपुरधामको जनकपुरमा | मा.उपेन्द्र प्रसाद कुशवाहा | मा.मोहम्मद समिम, मा.नरेश कुमार यादव, मा.विरेन्द्र प्रसाद सिंह |
| ६ | ६ | बीरगंज (बीरगंज म.न.पा. भरी) | मा.राजेश्वर प्रसाद शा | मा.शंकर प्रसाद चौधरी, मा.ओम प्रकाश शर्मा, मा.अशिया देवी थरुनी |

| | | | | |
|---|---|---|---|---|
| ७ | ७ | जनकपुरधाम (उ.म.न.पा.) धनुषा जिल्लाको उत्तरमा ढल्केबर, पूर्वमा पूर्व-पश्चिम लोकमार्गको कमला नदि र धनुषा जिल्ला भित्रको परिक्रमा सडक र सोको एरिया भित्र । | मा.शारदा देवी थापा | मा.किशोरी साह कमल, मा.अनिता कुमारी यादव |

## २.२ अध्ययन विधि (प्रदेशको नामकरण सम्बन्धि)

- समितिको मिति २०७८/९/२० गतेको निर्णयानुसार प्रदेशको नामकरण तोक्ने सम्बन्धि प्राप्त निम्न प्रस्तावहरु माथी छलफल गरियो ।
- समितिको बैठकमा प्रस्ताहरु माथी छलफल ।
- संसदीय दलको नेताहरुसंग बैठक एवं छलफल ।

**प्रदेशको नामकरण सम्बन्धि तोक्ने समितिमा प्राप्त प्रस्ताव**

| क.सं. | दर्ता नं. | प्रस्ताव | प्रस्तावक | समर्थक |
|---|---|---|---|---|
| १ | १ | मधेश | मा.श्री शैलेन्द्र कुमार यादव | मा.श्री वविता कुमारी<br>मा.श्री रानी कुमारी तिवारी<br>मा.श्री सावित्री देवी साह |
| २ | २ | मधेश | मा.श्री भरत प्रसाद साह | मा.श्री जगत प्रसाद यादव<br>मा.श्री दिलिप कुमार साह |
| ३ | ३ | जानकी | मा.श्री प्रमोद कुमार यादव | मा.श्री वेची लुङ्गेली<br>मा.श्री डिलि प्रसाद उप्रेति<br>मा.श्री नागेन्द्र राय यादव |
| ४ | ४ | मिथिला भोजपुरा | मा.श्री शिवचन्द्र चौधरी | मा.श्री नागेन्द्र प्रसाद सिन्हा<br>मा.श्री प्रमिला देवी दास<br>मा.श्री मन्जु कुमारी |
| ५ | ५ | मध्य मधेश प्रदेश | मा.श्री राजेश्वर प्रसाद साह | मा.श्री शंकर प्रसाद चौधरी<br>मा.श्री ओम प्रकाश शर्मा<br>मा.श्री अशिया देवी थरुनि |
| ६ | ६ | जनक प्रदेश | मा.श्री शारदा देवी थापा | मा.श्री अनिता कुमारी यादव<br>मा.श्री किशोरी साह कमल |

# भाग-३
## (उपलब्धीहरु)

## ३.१ सकारात्मक र नकारात्मक पक्षः-

राजधानी तथा नामाकरण सम्बन्धि अध्ययन विशेष समिति, २०७८ को जम्मा ८(आठ) वटा बैठक बस्यो । विभिन्न मितिमा बसेका बैठकमा समितिको सदस्यहरु तथा आमन्त्रित विशेषज्ञ, दलको नेता एवं अन्य सरोकारवालाहरु सहभागीतामा प्रदेश नं.२ को स्थायी राजधानी र नामकरण तोक्ने सम्बन्धमा समिति समक्ष पेश भएको प्रस्तावहरु माथि व्यापक छलफल गरी सर्वसहमतिले निर्णय गर्ने कार्यको लागि सहमति गर्ने गराउने प्रयास गरियो । समितिले केही सकारात्मक पक्षहरु हासिल गरेको देखियो जुन निम्न छन् :-

- स्थायी राजधानी जनकपुरधाम र यसको वरीपरीको क्षेत्रलाई तोक्ने भनि करिव करिव प्रत्येक दलहरु सहमतिको नजिकमा पुगेको ।
- सर्वसहमतिले नै राजधानी र नामकरण गर्नुपर्छ भन्ने धारणा सबै पक्षबाट आएको ।
- नामकरणको लागि पनि धेरै हदसम्म सहमति हुने प्रयास भएको ।
- उत्साहपूर्वक समितिको बैठकहरुमा सहभागिता जनाएको ।

प्रदेशको राजधानी र नामकरण टुङ्गयाउनु पर्ने सहमतिको नजिक पुगी समितिले केही सकारात्मक उपलब्धिहरु हासिल गरेको पाइएतापनि सर्वसहमतिले यसलाई पूर्णता दिन सकेन जसलाई हामि नकारात्मक पक्षको रुपमा प्रस्तुत गर्न खोजेका छौं जुन निम्नानुसार छन् :-

- ८(आठ) वटा बैठक बसेपनि समितिले प्रदेशको स्थायी राजधानी एवं नामकरण सम्बन्धि सर्वसहमतिले निर्णय गर्न नसकेको ।
- समितिलाई निर्णयमुखि हुन एउटा ठुलो चुनौतीको साथसाथै अवसर पनि थियो तर समिति यो कार्यमा चुकेको देखियो ।
- समितिको समय प्रदेशको राजधानी एवं नामकरण तोक्नमा सहमति गर्नभन्दा पनि आ-आफ्नो पनि दलीय स्वार्थको अगाडि पछाडी लागेको जस्तो देखियो ।

## ३.२ गोप्य मतदानमा जान भनी प्रदेशको राजधानी र नामकरण तोक्न सहमति पश्चातका प्रस्तावहरु :-

(१) मिति २०७८।०९।२७ गते बसेको समितिको आठौं बैठकको निर्णयानुसार प्रदेशको राजधानी तथा नामकरण सम्बन्धमा माघको पहिलो हप्तामा गोप्य मतदान प्रक्रियाद्वारा तय गरिने निर्णय भएकोले प्रदेशको राजधानी तोक्ने प्रस्तावहरुलाई सहमतिमा निम्नानुसार कायम गरिएको छ ।

### प्रदेशको राजधानी तोक्ने प्रस्ताव

| क्र. सं. | दर्ता नं. | प्रस्ताव | प्रस्तावक | समर्थक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | जनकपुरधाम (धनुषा जिल्लाको उत्तरमा ढल्केबर पूर्व पश्चिम लोकमार्ग पूर्वमा कमला नदि दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भू-भाग) | मा.श्री परमेश्वर साह<br>मा.श्री रविन्द्र बैठा धोवी<br>मा.श्री उपेन्द्र प्र. कुशवाहा<br>मा.श्री शारदा देवी थापा<br>मा.श्री भरत प्रसाद साह | मा.श्री चमेली देवी दास<br>मा.श्री सन्चमाया मोक्तान<br>मा.श्री निरा कुमारी साह<br>मा. श्री सावित्री देवी साह<br>मा.श्री जगत प्रसाद यादव<br>मा.श्री दिलिप कुमार साह<br>मा.श्री डिल्ली प्रसाद उप्रेती<br>मा.श्री नागेन्द्र राय यादव<br>मा.श्री हसिमा खातुन<br>मा.श्री मोहम्मद समिम<br>मा.श्री नरेश कुमार यादव<br>मा.श्री विरेन्द्र प्रसाद सिंह<br>मा.श्री किशोरी साह कमल<br>मा.श्री अनिता कुमारी यादव | समितिको छलफलबाट अलगअलग प्रस्तावलाई साझा प्रस्ताव बनाई साझा प्रस्तावक र समर्थक उल्लेख गरिएको । |
| २ | | बीरगंज(पोखरीया न.पा., सखुआ प्रसौनी गा.पा. पर्सा गढी न.पा., जीतपुर - सिमरा नीजगढ हुँदै सिमरौनगढ सम्म) | मा.श्री सिंगासन सा कलवार | मा.श्री प्रहलाद गिरी गोश्वामी<br>मा.श्री करिमा वेगम<br>मा.श्री भिमा यादव | |
| ३ | | बीरगंज (बीरगंज म.न.पा. भरी) | मा.श्री राजेश्वर प्रसाद शा | मा.श्री शंकर प्रसाद चौधरी<br>मा.श्री ओम प्रकाश शर्मा<br>मा.श्री अशिया देवी थरुनी | |

(२) मिति २०७८।०९।२७ गते बसेको समितिको आठौं बैठकको निर्णयानुसार प्रदेशको राजधानी तथा नामकरण सम्बन्धमा माघको पहिलो हप्तामा गोप्य मतदान प्रक्रियाद्वारा तय गरिने निर्णय भएकोले प्रदेशको नामकरण तोक्ने प्रस्तावहरुलाई निम्नानुसार कायम गरिएको छ ।

## प्रदेशको नामकरण सम्बन्धि तोक्ने प्रस्ताव

| क्र.सं. | दर्ता नं. | प्रस्ताव | प्रस्तावक | समर्थक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | मधेश | मा.श्री शैलेन्द्र कुमार यादव,<br>मा.श्री भरत प्रसाद साह | मा.श्री वविता कुमारी<br>मा.श्री रानी कुमारी तिवारी<br>मा.श्री सावित्री देवी साह<br>मा.श्री जगत प्रसाद यादव<br>मा.श्री दिलिप कुमार साह | समितिको छलफलबाट अलगअलग प्रस्तावलाई साझा प्रस्ताव बनाई साझा प्रस्तावक र समर्थक उल्लेख गरिएको । |
| २ | | जानकी | मा.श्री प्रमोद कुमार यादव | मा.श्री वेची लुङ्गेली<br>मा.श्री डिलि प्रसाद उप्रेति<br>मा.श्री नागेन्द्र राय यादव | |
| ३ | | मिथिला भोजपुरा | मा.श्री शिवचन्द्र चौधरी | मा.श्री नागेन्द्र प्रसाद सिन्हा<br>मा.श्री प्रमिला देवी दास<br>मा.श्री मन्जु कुमारी | |
| ४ | | मध्य मधेश प्रदेश | मा.श्री राजेश्वर प्रसाद शा | मा.श्री शंकर प्रसाद चौधरी<br>मा.श्री ओम प्रकाश शर्मा<br>मा.श्री अशिया देवी थरुनि | |

# भाग-४
# (निष्कर्ष तथा सिफारिसहरु)

## ४.१ निष्कर्ष तथा सिफारिसहरु

मिति २०७८/९/१५ गते देखि मिति २०७८/९/२७ गतेसम्म समितिको जम्मा ८(आठ) वटा वैठक समितिको मा.सभापति, मा.उपसभापति, मा. सदस्यहरु, दलको माननीय नेताज्यूहरु तथा अन्य सम्बन्धित व्यक्तिहरुको उपस्थितिमा बैठक बसि व्यापक छलफल एवं अन्तरर्किया समपन्न भएपनि प्रदेशको राजधानी र नामकरण तोक्ने सम्बन्धि कुनै एउटा साझा प्रस्तावमाथी सर्वसहमति हुन नसकेकोले निम्नानुसारको निष्कर्ष सहितको सिफारिस गरिएको छ ।

**निम्न :-**

- यसै प्रतिवेदनको भाग ३ को ३.२ मा उल्लेख गरिएको तालिका बमोजिमका प्रदेशको राजधानी र नामकरण तोक्नका लागि मिति २०७८ साल माघ महिनाको पहिलो हप्तामा प्रदेश सभावाट सम्पन्न हुने गोप्य मतदान प्रक्रियाद्वारा तय गर्ने भनि समितिको मिति २०७८।९।२७ गतेको आठौं बैठकबाट निर्णय भएकोले सोही बमोजिम गोप्य मतदान प्रक्रियामा जाने भनि प्रदेश सभालाई अनुरोध गर्ने ।
- गोप्य मतदान प्रक्रियाको लागि आवश्यक निर्वाचन कार्यविधि, जनशक्ति, श्रोत साधन, मतदान सामग्रीहरु तथा सुरक्षा प्रवन्ध लगायतका यथोचित व्यवस्थापन मिलाउने ।
- मतदान प्रक्रिया सभाकक्षसँगै रहेको कक्षमा समपन्न गर्ने ।
- प्रदेश नं. २ को स्थायी राजधानी सम्बन्धि निर्णयकालागि यस प्रतिवेदनको भाग ३ को बुंदा नं. ३.१ को तालिकामा उल्लेखित प्रस्तावहरुलाई निर्णयार्थ क्रमानुसार सभामा पेश गर्ने ।
- प्रदेश नं. २ को नामकरण सम्बन्धि निर्णयकालागि यस प्रतिवेदनको भाग ३ को बुंदा नं. ३.२ को तालिकामा उल्लेखित प्रस्तावहरुलाई निर्णयार्थ क्रमानुसार सभामा पेश गर्ने ।
- समितिका निर्णयहरुको छाँयाप्रति एवं अन्य आवश्यक विवरणहरु यसै प्रतिवेदनको अनुसूचीको महलसँग संलग्न गरी राखिएका छन् ।

# अनुसूची

**प्रदेश सभा**

# राजधानी तथा नामकरण सम्बन्धी अध्ययन विशेष समिति, २०७८

**प्रदेश नं.२, जनकपुरधाम**

## बैठक नं. १

मिति २०७८।०९।१५ गते विहान ९:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

<u>प्रस्तावहरुः</u>

१. कार्यविधि छलफल सम्बन्धमा

२. आगामी बैठक सम्बन्धमा।

<u>निर्णयहरुः-</u>

१. प्रस्ताव नं.१ मा छलफल गर्दा भोली मिति २०७८/०९/१६ गते बस्ने बैठकमा समितिको कार्य विधि बनाई पेश गर्ने निर्णय गरियो।

२. अर्को बैठक मिति २०७८/०९/१६ गते शुक्रबार बिहानको ९:०० बस्ने निर्णय गरियो।

## बैठक नं. २

मिति २०७८।०९।१६ गते विहान ९:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

<u>प्रस्तावहरुः</u>

१. समितिको कार्यविधि, २०७८ सम्बन्धमा।

२. आगामी बैठक सम्बन्धमा।

<u>निर्णयहरुः-</u>

१. प्रस्ताव नं. १ मा छलफल गर्दा राजधानी तथा नामकरण सम्बन्धि अध्ययन विशेष समितिको कार्यविधि, २०७८ दफाबार छलफल गरि सर्व सम्मतले पास गरियो।

२. अर्को बैठक मिति २०७८/०९/१९ गते शुक्रबार विहान ९:०० बजे बस्ने निर्णय गरियो।

३. प्रदेशको राजधानी तोक्ने प्रस्तावको प्रस्तावक र समर्थकला ई मिति २०७८/०९/१९ गते दिनको १:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।

## बैठक नं. ३

मिति २०७८।०९।१९ गते विहान ९:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

### प्रस्तावहरुः

१. प्रदेश राजधानी  सम्बन्धि छलफल।
२. आगामी बैठक सम्बन्धमा।

### निर्णयहरुः-

१. प्रस्ताव नं. १ मा छलफल गर्दा प्रदेश राजधानी सम्बन्धमा छलफपल गर्दा प्रदेश राजधानी तोक्ने प्रस्तावको प्रस्तावहरुको साझा प्रस्ताव गर्न सहमति गर्ने निर्णय गरियो

२. अर्को बैठक मिति २०७८/०९/१९ गते दिनको १:०० बजे बस्ने निर्णय गरियो।

## बैठक नं. ४

मिति २०७८।०९।१९ गते विहान १:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

### प्रस्तावहरुः

१. प्रदेश राजधानी  सम्बन्धि छलफल।
२. आगामी बैठक सम्बन्धमा।

### निर्णयहरुः-

१. प्रस्ताव नं. १ मा छलफल गर्दा प्रदेश राजधानी तोक्ने प्रस्तावहरु मध्ये प्रदेश सभामा दर्ता भएका प्रस्ताव नं. १,२,३,५ र ७ प्रस्तावका प्रस्तावकहरु सहमति गरे अनुसार जनकपुरधाम (धनुषा जिल्लाको उत्तरमा ढल्केबर पूर्व पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी , दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भु-भाग) साझा प्रस्ताव गर्ने निर्णय गरियो।

२. प्रदेश सभामा दर्ता भएका प्रदेशको राजधानी तोक्ने प्रस्ताव दर्ता नं.४ र  ६को प्रस्ताव यथावत राख्ने निर्णय गरियो।

३. अर्को बैठक मिति २०७८/०९/२० गते बिहानको ९:०० बजे बस्ने निर्णय गरियो।

## बैठक नं. ५

मिति २०७८।०९।२० गते विहान ९:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

### प्रस्तावहरुः

१. प्रदेशको नामकरण  सम्बन्धि छलफल

२. अगामी बैठक सम्बन्धमा ।

### निर्णयहरुः-

१. प्रदेशको नामकरण सम्बन्धि तोक्ने प्रस्तावहरु माथि छलफल गरियो ।

२. अगामी बैठक मिति २०७८।०९।२२ गते विहानको ९  :०० बजे बस्ने निर्णय गरियो ।

## बैठक नं. ६

मिति २०७८।०९।२२ गते विहान ९:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

### प्रस्तावहरुः

(१) प्रदेशको नामकरण  सम्बन्धि

(२) प्रदेशको राजधानी तोक्ने सम्बन्धमा ।

(३) अगामी बैठक बस्ने सम्बन्धमा ।

### निर्णयहरुः-

(१) प्रदेशको नामकरण सम्बन्धि तोक्ने प्रस्तावहरु माथि छलफल गरियो ।

(२) प्रदेशको राजधानी तोक्ने प्रस्तावहरुमा छलफल गरियो ।

(३) अगामी बैठक मिति २०७८।०९।२५ गते साँझको ५   :०० बजे बस्ने बैठकमा सबै दलका नेताहरुलाई बोलाउने निर्णय गरियो ।

## बैठक नं. ७

मिति २०७८।०९।२५ गते साझ ५:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

### प्रस्तावहरुः

(१) प्रदेशको नामकरण सम्बन्धी,

(२) चुनावमा जाने सम्बन्धी,

(३) अगामी बैठक सम्बन्धमा ।

### निर्णयहरुः

(१) प्रदेशको नामकरण सम्बन्धि तोक्ने प्रस्तावहरु माथि छलफल गरियो ।

(२) प्रदेशको राजधानी तथा नामकरण तोक्न माघको पहिलो हप्तामा चुनावमा जाने निर्णय गरियो ।

(३) अगामी बैठक मिति २०७८।०९।२७ गते विहानको ९    :०० बजे बस्ने निर्णय गरियो ।

# बैठक नं. ८

मिति २०७८।०९।२७ गते विहान ९:०० बजे बसेको बैठकबाट भएका निर्णयहरुः

## प्रस्तावहरु:

(१) प्रदेशको राजधानी सम्बन्धी,

(२) प्रदेशको नामकरण सम्बन्धी,

(३) गोप्य मतदान सम्बन्धमा,

(४) मतदान स्थल सम्बन्धमा,

(५) प्रतिवेदन पारित तथा सदनमा पेश गर्ने सम्बन्धमा

## निर्णयहरुः

(१) प्रदेशको राजधानी तोक्ने सम्बन्धमा सदनमा दर्ता भएको प्रस्ताव दर्ता नं.१ बमोजिमः
जनकपुरधाम (उत्तरः धनुषा जिल्लाको ढल्केवर पूर्व पश्चिम लोकमार्ग,
दक्षिणः नेपालको सिमाना र मिथिला माध्यमिकी परिक्रमा, पूर्वः कमला नदी, पश्चिमः मिथिला माध्यमिकी परिक्रमा)
त्यसैगरी सदनमा दर्ता भएको प्रस्ताव दर्ता नं.२ बमोजिमः
विरगंज (पोखरिया न.पा., सखुआ प्रसौनी गा.पा. पर्सा गढी न.पा., जीतपुर -सिमरा नीजगढ हुँदै सिमरौनगढसम्म)
त्यसैगरी सदनमा दर्ता भएको प्रस्ताव दर्ता नं.३ बमोजिमः
विरगंज (विरगंज म.न.पा. भरी) मा गोप्य मतदान प्रक्रियाद्वारा तय गर्ने निर्णय गरियो।

(२) प्रदेशको नामकरण सम्बन्धि तोक्ने प्रस्तावको प्रस्ताव नं.१ मधेश, प्रस्ताव नं.२ जानकी, प्रस्ताव नं.३ मिथिला भोजपुरा र प्रस्ताव नं.४ मध्य मधेश प्रदेशमा गोप्य मतदान प्रक्रियाद्वारा तय गरिने निर्णय गरियो।

(३) प्रदेशको राजधानी तथा नामकरण सम्बन्धमा माघको पहिलो हप्तामा गोप्य मतदान प्रक्रियाद्वारा तय गरिने निर्णय गरियो।

(४) गोप्य मतदान प्रक्रिया सभाकक्ष सँगै रहेको कक्षमा सम्पन्न गर्ने।

(५) आजको बैठकमा प्रतिवेदनको मस्यौदा माथि छलफल गरी प्रतिवेदनलाई सर्वसहमतिले पारित गरियो र पारित गरिएको प्रतिवेदनलाई मिति २०७८ साल माघ महिनाको २ गते बस्ने प्रदेश सभाको बैठकमा पेश गर्ने भनि निर्णय गरियो।